# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, साउन ३१ गते २०६२ साल (संख्या १८


## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०६२।४।२ को निर्णयानुसार उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३ बमोजिम गठित उपभोक्ता संरक्षण परिषद्को रिक्त सदस्य पदमध्ये सोही ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ञ) बमोजिमको सदस्यमा देहायका व्यक्तिहरूलाई र खण्ड (ट) बमोजिमको सदस्यमा श्री कमला अमात्य, उपभोक्ता हित संरक्षण मञ्च नेपाललाई मनोनीत गरेको छः–

(क) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श
(ख) प्रतिनिधि, उपभोक्ता मंच नेपाल
(ग) प्रतिनिधि, उपभोक्ता संघ नेपाल

आज्ञाले,
भरतबहादुर थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३.३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३.१ को प्रयोजनको लागि रामेछाप जिल्लाको मन्थली नगर विकास समितिको देहायका क्षेत्रभित्र संचालन गरिने भौतिक विकास योजना सोही ऐनको दफा ३ २ बमोजिम स्वीकृत गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पूर्वः- टेकनपुर जाने तेस्रो बाटो (बादीचौर क्षेत्र)
पश्चिमः- तामाकोशी नदी
उत्तरः- भुत्याहा खोला
दक्षिणः- रणजोर खोला/भलुवाजोर खोला

आज्ञाले,
जनकराज जोशी
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध धुलिखेल अस्पतालको लागि दातृसंस्था नेपाली मेड लग्जमवर्ग र जर्मनीबाट उपहार स्वरुप प्राप्त हुने युरो ५,११०।- र अमेरिकी डलर २,०००।- मूल्य बराबरका चिकित्सा उपकरणहरू तथा चिकित्सासम्बन्धी अन्य सामग्रीहरू आयात गर्दा भन्सार महसुल १ प्रतिशत मात्र असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Nepal Myths and Mountain Trails Pvt. Ltd. लाई सोलुखुम्बु जिल्लास्थित सामुदायिक विद्यालय श्री मेरा प्राथमिक विद्यालयका छात्रछात्राहरूका लागि न्युजिलैण्डको Christ College बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ५,०००।– मूल्य बराबरका कपड़ा, खेलकुदका सामान तथा मसलन्दहरू आयात गर्दा भन्सार महसुल १ प्रतिशत मात्र भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

926